नेपाल सरकार

# राष्ट्रिय परीक्षा बोर्ड

**परीक्षा नियन्त्रण कार्यालय (कक्षा ११ र १२)**

सानोठिमी, भक्तपुर

## कक्षा १२ को ग्रेडवृद्धि (पूरक) परीक्षाको समयतालिका परिवर्तनसम्बन्धी सूचना

२०८० साल असोज ६ र ७ गते सञ्चालन हुने भनिएको कक्षा १२ को ग्रेडवृद्धि (पूरक) परीक्षा विशेष कारणवश परिवर्तन गरी निम्नलिखित संशोधित समयतालिका अनुसार सञ्चालन हुने भएकाले सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**परीक्षा समय: बिहान ११:०० बजेदेखि २:०० बजेसम्म**

| क्र.सं. | साविक मिति | संशोधित परीक्षा मिति | विषय |
|---|---|---|---|
| १. | २०८० असोज ६ गते शनिबार | २०८० असोज ९ गते मंगलबार | ➢ अनिवार्य अङ्ग्रेजी (००४१)<br>➢ एक विषयमा मात्र परीक्षा दिने परीक्षार्थीहरूको सबै विषय<br>➢ दुई विषयमा परीक्षा दिने परीक्षार्थीहरुका लागि आफूले परीक्षा दिने विषयहरू मध्येको सानो कोड नम्बर भएको विषय ***तर अनिवार्य अंग्रेजी र अनिवार्य नेपाली दुवै विषयमा ग्रेडवृद्धि परीक्षामा सहभागी हुने परीक्षार्थीले पहिलो दिन अनिवार्य अंग्रेजी (००४१) र दोस्रो दिन अनिवार्य नेपाली (००२१) विषयको परीक्षा दिनुपर्नेछ ।)*** |
| २. | २०८० असोज ७ गते आइतबार | २०८० असोज १० गते बुधबार | ➢ दुई विषयमा परीक्षा दिने परीक्षार्थीहरूका लागि आफूले परीक्षा दिने विषयहरू मध्येको ठूलो कोड नम्बर भएको विषय |

### परीक्षा आवेदन फाराम बुझाउने सम्बन्धी व्यवस्था

❖ २०८० सालको कक्षा १२ को ग्रेडवृद्धि परीक्षामा सहभागी हुनका लागि मिति २०८० भदौ २२ गतेभित्र बोर्डको खातामा परीक्षा शुल्क वापत प्रति विद्यार्थी रु. ६००।- (छ सय) का दरले हुन आउने रकम बुझाई सक्नुपर्नेछ । उक्त अवधिभित्र रकम जम्मा गर्न छुट भएका परीक्षार्थीहरुका लागि मिति २०८० भदौ २९ गतेभित्र विलम्ब शुल्कसहितको रकम प्रति विद्यार्थी रु. १,२००।- (एक हजार दुई सय) बुझाई सम्बन्धित विद्यालयमार्फत मिति २०८० भदौ ३१ गते कार्यालय समयभित्र बोर्डका सम्बन्धित कार्यालयहरूमा रकम जम्मा गरेको भौचरसहित आवेदन फाराम बुझाई सक्नु पर्नेछ ।

**द्रष्टव्य**

- ग्रेडवृद्धि (पूरक) परीक्षा दुई दिन मात्र सञ्चालन हुने छ । एक विषयको मात्र ग्रेडवृद्धि परीक्षामा सहभागी हुने परीक्षार्थीले जुनसुकै विषय भए पनि परीक्षा सञ्चालन भएको पहिलो दिनमै ग्रेडवृद्धि परीक्षामा सहभागी हुनुपर्ने छ ।
- अनिवार्य अङ्ग्रेजी (००४१) विषयमा ग्रेडवृद्धि परीक्षामा सम्मिलित हुने परीक्षार्थीहरूको परीक्षा पहिलो दिन मात्र सञ्चालन हुनेछ ।
- दुई विषयमा परीक्षा दिने परीक्षार्थीले आफूले परीक्षा दिने सानो कोड नम्बर भएको विषयमा पहिलो दिन र ठूलो कोड नम्बर भएको विषयमा दोस्रो दिनको परीक्षामा सहभागी हुनु पर्नेछ ।
- तोकिएको परीक्षा कार्यक्रम अनुसार परीक्षामा अनुपस्थित हुने परीक्षार्थीका लागि पुन: अर्को व्यवस्था गरिनेछैन ।
- कुनै आकस्मिक बिदा पर्न गएमा समेत परीक्षा नियन्त्रण कार्यालयको पूर्व सूचना बिना परीक्षा स्थगित गरिनेछैन ।
- परीक्षाका लागि चाहिने ग्राफ पेपर, चार्ट, लगटेवल, गोश्वारा भौचर आदि जस्ता सामग्रीहरू परीक्षार्थी स्वयम्ले ल्याउनुपर्नेछ ।
- परीक्षामा मोबाइल फोन, स्मार्ट घडी, ब्लुटुथ उपकरण लगायत अन्य इलेक्ट्रोनिक्स डिभाईस लैजान निषेध गरिएको छ ।
- परीक्षा केन्द्र निर्धारण सम्बन्धी सूचना पछि प्रकाशन गरिनेछ ।
- तोकिएको परीक्षा केन्द्रबाट मात्र परीक्षा दिनुपर्नेछ । केन्द्र परिवर्तन गर्न पाइनेछैन ।
- कक्षा १२ मा अध्यापन हुने विषय र विषय कोड क्रमानुसार (सानोदेखि ठूलोसम्म) राष्ट्रिय परीक्षा बोर्डको Website : www. neb.gov.np मा राखिएको छ ।
- बोर्डका सम्बन्धित कार्यालयहरुले यसै सूचना अनुसार गर्नुगराउनु हुन अनुरोध छ ।

- परीक्षा नियन्त्रक